# प्रेस विज्ञप्ति

नेपाल सरकारले विभिन्न तह र सम्बद्ध पक्षहरुबाट प्रदान गरिने सार्वजनिक सरोकारका विषयहरुलाई नवीनतम सूचना प्रणालीमा आबद्ध गरी सेवा प्रवाहलाई आम जनताको माग र चाहना अनुसार सहज बनाउन आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रममा सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, सुरक्षित र लागतप्रभावी बनाइने र विद्युतीय यातायात प्रणालीलाई प्रोत्साहन गरिनेछ भनी उल्लेख गरिएको छ । बागमती प्रदेश सरकारको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रममा पनि यातायात क्षेत्रलाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, व्यवस्थित एवं विश्वसनीय बनाउन सम्पूर्ण सवारी साधनहरुको विवरणहरु डिजिटाइजेशन गर्ने तथा अनलाइन मार्फत सेवा प्रदान गर्ने एवं सवारी चालक अनुमतिपत्रको छपाई र वितरणको वैज्ञानिक प्रणाली अवलम्बन गरी सेवा प्रवाहलाई चुस्त, दुरुत र सेवाग्राहीमैत्री बनाइनेछ भनी समावेश गरिएको सन्दर्भमा हाल यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुमध्ये सवारी चालक अनुमतिपत्र बाहेकका सेवाहरुलाई अनलाइन प्रणालीमा आबद्ध गरी विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्ने व्यवस्थाका लागि बागमती प्रदेश सरकारले **"विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८"** जारी गरेको छ ।

मन्त्रालयले तयार गरेको यातायात व्यवस्था सूचना प्रणाली (https://tmis.bagamati.gov.np) मा **"विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८"** को नियम ३ को उपनियम (५) मा "सूचना प्रणालीमा सेवाग्राहीले सवारीको विवरण प्रविष्ट गर्न तथा मन्त्रालय वा कार्यालयले सेवाग्राहीबाट सवारीको विवरण माग गर्न एवं कार्यालयले प्रविष्ट गर्न सक्नेछ ।" र सोही नियमको उपनियम (७) मा सूचना प्रणालीमा सेवाग्राही स्वयंले नै आफ्नो सवारी साधन तथा अनुमतिपत्रको दर्ता, नवीकरण, जरिवाना, उल्लङ्घन तथा राजस्व बाँकी बक्यौताको स्थिति आदिको विवरण हेर्न मिल्ने गरी "नागरिक एप्स" तथा सम्बन्धित भुक्तानी सेवा प्रदायकको मोवाइल एप्स तथा वेब पोर्टल मार्फत् जानकारी दिन मिल्ने गरी बील प्रिजेन्टेसनको एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपीआई) को व्यवस्था गर्नेछ ।" भन्ने व्यवस्था रहेको छ । जसका लागि सवारीधनीले आफ्नो सवारी साधन सम्बन्धी विवरण अद्यावधिक गर्न मन्त्रालयको यातायात व्यवस्था सूचना प्रणालीको वेब पोर्टल https://tmis.bagamati.gov.np मा गई मोवाइल नम्बर Verify गरी आफ्नो सवारीसाधन सम्बन्धी विवरण प्रविष्ट गर्न सकिने वा नागरिक एप्समा रहेको **'सवारी कर'** पोर्टलमा गई आफ्नो सवारीसाधन सम्बन्धी विवरण प्रविष्ट गर्न सक्नेछन् ।

यसबाट सेवाग्राहीहरुले बागमती प्रदेश सरकारको यातायात क्षेत्रको राजस्व आ.व. २०७८/०७९ को श्रावण १ गतेबाट अनलाइन प्रणाली मार्फत दाखिला गर्न सहज हुनेछ । जसले नागरिकलाई घरमै बसेर आफ्नो सवारी सम्बन्धी विवरण हेर्न, अद्यावधिक गर्न, प्रदेश सरकारलाई तिर्नु वा बुझाउनुपर्ने राजस्वका बारेमा जानकारी लिन र राजस्व भुक्तानी समेत गर्न सक्ने सुविधा पुग्नेछ । साथै अनलाइन मार्फत् राजस्व भुक्तानी पश्चात् कार्यालयमा गई सेवा लिनु पर्ने सेवाग्राहीहरुका लागि मिति २०७८/०४/०१ बाट मन्त्रालयको भेटघाट व्यवस्थापन प्रणालीको वेब पोर्टल https://visittmo.bagamati.gov.np मार्फत ई-टोकन प्राप्त गरी तोकिएको समयमा तोकिएको सेवा लिन सकिने छ । यसबाट यातायात सम्वन्धी सेवाहरु प्रविधिमैत्री हुनाको साथै कोभिड-१९ लगायतका संक्रामक रोगको जोखिम र यातायात कार्यालयहरुमा हुने भिडभाड र सेवाग्राहीको चापलाई व्यवस्थित गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास मन्त्रालयले लिएको छ ।

(नविन कुमार सिंह)
**प्रवक्ता**
भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा